आज मिति २०७७।०२।२९ गतेका दिन यस चौदण्डीगढी नगरपा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिको बैठक तपसिलको उपस्थितिमा बसियो।

<u>तपसिल उपस्थिति</u>

१. श्री खगेन्द्र राई – नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी – उप-प्रमुख
३. श्री रोहितमान तामाङ – अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी – " २
५. श्री परशुराम राई – " ३
६. श्री चरण कुमार राई – " ४
७. श्री देव नारायण चौधरी – " ५
८. श्री कमल ध्वज राई – " ६
९. श्री तेजराज तिम्सिना – " ७
~~१०. श्री प्रकाश राउत – "~~
१०. श्री श्याम कुमार मगर – अध्यक्ष वडा नं. ८
११. श्री प्रकाश राउत – " ९
१२. श्री राम कुमार खड्का – " १०
१३. श्री देवि कार्की – न० का० स०
१४. श्री जानुका कुमर – "
१५. श्री मदन कुमारी कार्की – "
१६. श्री विमला राई – "
१७. श्री अस्मिता नेपाली – "
१८. श्री प्रमिला दनुवार – "
१९. श्री सुन्दर प्रकाश साह – "
२०. श्री श्रीकान्त चौधरी – नि. कार्यालय प्रमुख

<u>प्रस्तावहरू</u> :-

१. प्रेस विज्ञप्ती सम्बन्धमा।
२. साझा सहकारी सम्बन्धमा।
३. आईसोलेसन सेन्टर निर्माण सम्बन्धमा।
४. वडा कार्यालयहरू चालु खर्च सम्बन्धमा।

## छलफल तथा निर्णयहरु

[illegible]

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा नेकपा।नगर कमिटि बेल्टार द्वारा मिति २०७७।०२।२६ गते पत्रकार सम्मेलन मार्फत जारी गरेको १७ बुँदे विज्ञप्तीमा उल्लेखित विषयहरु को सम्बन्धमा वडा तथा नगरमा रहेका तथ्यगत प्रमाण हरुसहित प्रतिवेदन तयार पारि नपा द्वारा पत्रकार सम्मेलन गरी नगरवासीहरु लाई जानकारी गराउने निर्णय गरियो। साथै उक्त जानकारी को लागि यथाशीघ्र पत्रकार सम्मेलन गर्ने निर्णय गरियो।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नपाको वडा नं. ६ बेल्टारमा संचालित साझा सहकारी संस्थाले विभिन्न मितिमा विभिन्न संस्थाहरु बाट ऋण लिएको, शेयर सदस्य तथा बचत कर्ताहरु बाट बचत संकलन गरेको तथा ऋण समेत लगानी गरेकोमा हाल बचत फिर्ता, ऋण असुली तथा अन्य संस्थाहरुको ऋण फिर्ता गर्ने जस्ता कुनै कार्य नगरेको र बचत कर्ताहरुले बचत फिर्ता माग्दा नपा लाई बुझाएको भनी बचत कर्तालाई भन्ने गरेको गुनासो आएको हुँदा सो संस्थाको सम्पूर्ण कारोबार साझा संस्था व्यक्तिहरु लाई ऋण बचत असुली तथा फिर्ताको सम्बन्धमा उक्त साझा संस्था यस नपामा हस्तान्तरण नभएको व्यहोरा सहित बचत फिर्ता तथा ऋण असुली साझा सहकारी बाट गर्ने व्यवस्थाको लागि पत्राचार गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नपाको निर्णय अनुसार नपाले सशस्त्र प्रहरी बल नेपाल बेल्टारको लागि यस नपाको वडा नं. ६ सात्थारेमा निर्माण गरेको नयाँ भवनमा क्वारेन्टीन निर्माण गरिएकोमा यस नपाकै निर्णय तथा जिल्ला स्तरीय CCMC को निर्णय समेत अनुसार उक्त क्वारेन्टीनलाई स्तरोन्नती गरी उदयपुरका अन्य पालिका समेतको समन्वय र सहयोगमा covid सेन्टर (आइसोलेसन केन्द्र) निर्माण गर्ने निर्णय गरियो।

<u>नि० नं० ४</u> प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न्पा०को आगामी आ० व० २०७७/०७८ को लागी नगरका सबै वडाहरुमा प्रति वडा रु-७००,०००/- चालु खर्च तोक्ने निर्णय गरियो। उक्त रकम वडाको लागि नपा०ले तोकेको वजेट सिलिङ्ग रु-५०,००,०००/- भित्र बाट छुट्याउने निर्णय गरियो।